बैठक संख्याः- ३0

आज मिति २०८० साल जेठ २९ गते सोमबारका दिन विर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा वसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | तिला |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यापालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं २-** बिर्तामोड नगरपालिकाको दोस्रो कार्यकालको तेस्रो नगरसभाको अधिवेशन मिति २०८०।०३।१० गते आईतबार बिहान ७:३० बजे नगरपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।

**निर्णय नं ३-** बिर्तामोड नगरपालिका वडा नं.७ स्थित श्री लक्ष्मी आधारभूत विद्यालयको नाममा दर्ता कायम रहेको साविक गरामनी १ 'ख' कि.नं. ०६४ र ०६५ भएको जग्गा साविकको नक्सा बमोजिम नक्सा बनाउन जिल्ला नापी कार्यालय, झापामा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं ४-** पूर्णखोप सुनिश्चित नगरपालिका घोषणा गर्ने सम्बन्धमा छलफल गर्दा बिर्तामोड नगरपालिका अन्तर्गत सम्पूर्ण वडाहरुबाट १६-२३ को बच्चाहरुको खोप लगाउने काम सम्पन्न भई सबै वडा कार्यालयबाट पूर्णखोप सुनिश्चित भएको पत्र प्राप्त भैसकेको हुँदा आगामी नगर सभामा अनुमोदन गरि यस नगरपालिकालाई पूर्ण खोप सुनिश्चितताको निरन्तरता घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं ५-** निवेदक श्री लालसिंह राजवंशिले अमानतमा आ.व. ०७७/०७८ मा बिर्तामोड नगरपालिका वडा नं ७ स्थित सशस्त्र प्रहरी बेस क्याम्प गोलधापको भवनमा जस्तापाता फेर्ने काम गर्दा (टिना,काँटी,पाइप र मिस्त्री) मर्मत खर्च बापतको रकम रु ९१८६२ ( एकानब्वे हजार आठ सय बैसठ्ठी रुपैंया) कारणवस भुक्तानी लिन ढिलाई भएको हुँदा निजले भुक्तानी पाउन दिएको निवेदन माग अनुसार विल भर्पाई र मूल्याङ्कनको आधारमा आ.व.०७९/८० को निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्चबाट उक्त रकम भुक्तानि गर्ने निर्णय गरियो ।

**निर्णय नं ६-** बिर्तामोड नगर अस्पतालका अस्पताल प्रमुख डा. सुनिल अधिकारीलाई ईन्धन, सञ्चार तथा अन्य मसलन्द खर्च बापत प्रतिमहिना २०,०००।–(वीस हजार) का दरले भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं ७-** बिर्तामोड नगरपालिका भित्रका सडकमा गुणस्तर (NS) चिन्ह प्राप्त पेवर्स लगाउने निति रहेता पनि भुलवस वडा नं ४ को एउटा सडक र वडा नं ६ को दुई वटा सडकमा लोकल पेवर्स लगाईएकोले सो सडकमा लगाईएको पेवर्स बापतको रकम प्राविधिक मूल्याङ्कनको आधारमा लोकल पेवर्सको दररेट अनुसार एकपटकका लागि भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ८-** बिर्तामोड नगरपालिका क्षेत्रभित्र नगरपालिकाबाट ईजाजत लिई नक्सा पास गरेर बनाईएका सरकारी, अर्धसरकारी; संस्थान तथा निजी घर/ भवनहरु निर्माण गर्दा नक्सामा नदेखाईएका तर नक्सा पास पछि व्यापारिक एवं विभिन्न प्रयोजनले सडकतर्फको भागमा थप गरिएका संरचनाहरु (जस्तैः-सिडि,बरण्डा, पर्खाल आदि) हटाउन ३५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं ९-** कोशी प्रदेश सरकारबाट मिति २०८०साल बैशाख १४ गते जारी भएको स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश २०८० मा व्यवस्था भएको स्थानीय सेवाका कर्मचारीहरको तहबृद्धि सम्बन्धी प्रकियालाई व्यवस्थित गर्न आवश्यक भएकाले अध्यादेशको दफा १५४ ले दिएको अधिकार प्रयोग गरी तर्जुमा गरिएको स्थानीय सेवाको तहबृद्धि सम्बन्धी कार्यविधि २०८० अध्यादेशको दफा १५६ को उपदफा २ बमोजिम राय,परामर्शका लागि प्रदेश लोक सेवा आयोग विराटनगरमा पठाईएकोमा प्रदेश लोक सेवा आयोगबाट राय, परामर्श प्राप्त भएकाले प्राप्त राय, परामर्श बमोजिम संशोधन सहित **स्थानीय सेवाको तहबृद्धि सम्बन्धी कार्यविधि २०८०** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १०-** निर्णय नं ९ बाट स्वीकृत भएको स्थानीय सेवाको तहबृद्धि सम्बन्धी कार्यविधि २०८० तथा कोशी प्रदेश सरकारबाट जारी स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश २०८० को दफा २८ को उपदफा ३ अनुसार आ.ब.०८०/८१ मा कर्मचारीहको तहबृद्धि गर्ने प्रयोजनका लागि तपशिल बमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

अध्यक्ष- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- अधिकृतस्तर आठौ श्री दिनेश आचार्य

सदस्य- अधिकृतस्तर छैटौ श्री संगिता अधिकारी

CamScanner